# गौशाला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गौशाला ,महोतरी**

**प्रदेश नं.२, नेपाल**

## आर्थिक बर्ष २०७६/०७७ को नदिजन्य पदार्थको विक्री कर संकलन कार्यको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०७६/११/०५ गते)**

गौशाला नगरपालिकाको मिति २०७६।१०।२१ गतेको निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) को ६ को व्यवस्था र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प. स. २०७५।०७६ च. न. ७३ मिति २०७५।०५।१७ गतेको पत्रानुसार यस नगरपालिकाले तोकेको नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थहरु उत्खनन् तथा संकलन भएको र सो मालबस्तु विक्री-निकासी गर्दा नगरपालिकाले तोकेको दररेटमा ठेक्का लगाउनु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनिहरुबाट निम्न लिखित शर्तको अधिनमा आफनो फर्म नविकरण भएको प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७५।२०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter of attorney) सहित रितपुर्वकको गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरु:**

१.बोलपत्र फारम सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्न अन्तिम मितिको भोलिपल्ट १६ औं दिन दिनको १२:०० बजे भित्र रहनेछ। दर्ता हुन आएका बोलपत्रहरु १६ औ दिनको २:०० बजे गौशाला नगरकार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र फारमहरु खरिद, दर्ता र खोल्ने दिन सार्बजानिक बिदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ।

२. बोलपत्र फर्म साथ धरौटी बापत कबोल अंकको (मु. अ. कर बाहेक) न्युनत्तम ५ (पाँच) प्रतिशत ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड गौशाला शाखामा रहेको धरौटी खाता नं ०९४००००००००३००००००३ मा रकम जम्मा गरेको सकल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकको बोलपत्र जमानत (Bid Bond) पेश गर्नु पर्नेछ।

३. बोलपत्र दिदा कुनै प्रकारको शर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फर्म लाई मान्यता दिइने छैन।

४. ठेक्का अबधि २०७७ जेठ मसान्त सम्म रहनेछ। स्वीकृत कबोल रकम बमोजिमको प्रथम किस्ता बापत ५०% बुझाई बाँकी अबधिको लागि दोस्रो किस्ताको रकम बापत यस कार्यालय को नाममा २०७७ साउन मसान्त सम्मको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरि सम्झौता गर्नुपर्नेछ। दोस्रो किस्ता २०७७ बैशाख मसान्त भित्र बुझाई सकनुपर्नेछ। यसै साथ ठेकेदारले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ट आग्रिम रुपमा बुझाएमा कबोल अंकको ५% रकम छुट दिइनेछ।

५. बोलपत्र स्वीकृत भएको सूचनामा तोकिएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरि नियमानुसार कारवाही गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम निर्णय यस कार्यालयमा सुरक्षित रहनेछ।

६. यस सूचनामा उलेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम साथै यस सम्बन्धी नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

८. सूचना सम्बन्धी बिस्तृत विवरण यस कार्यालयको सुचनापाटि र कार्यालयको वेवसाईट www. gaushalamun.gov.np मा समेत हेर्न सकिनेछ र थप जानकरीको लागि यस कार्यालयमा कार्यालयको समय भित्र सम्पर्क राख्न सकिनेछ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | कुल परिमाण (क्यू. फि.) | दररेट (प्रति क्यू. फि. ) | न्युनत्तम ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १. | GAU/NCB /01/2076/077 | मडाहा खोलाको नदिजन्य पदार्थ बिक्रि कर संकलन | २३८३७४० | रू. ३ | ७१,५१,२२०/- | ३०००/- |
| २. | GAU/NCB /02/2076/077 | बाँके खोलाको नदिजन्य पदार्थ बिक्रि कर संकलन | २२६०१२८ | रू. ३ | ६७,८०,३८४/- | ३०००/- |

-प्रमुख प्रशासकीय अधिकृत